# जातिय अल्पसंख्यकहरुको समानताको प्रवद्र्धनका लागि
# विद्यमान तथा योजनावद्ध उपायहरू

## चिकित्सा र स्वास्थ्य

हाम्रो समुदाय र जन-स्वास्थ्य हेरचाह सेवालाई प्रोत्साहन र सुरक्षा गर्नु सरकारको नीति हो। जुनसुकै जाति वा जातीय मूल भएता पनि जन-स्वास्थ्य हेरचाहका सेवाहरू सम्पूर्ण सर्वसाधारण सदस्यहरूका लागि उपलब्ध छन् । अल्पसंख्यक जातिहरूको पहुँचमा जन-स्वास्थ्य हेरचाह सेवा पुर्याउन विशेष उपायहरू सहजीकरणका लागि तय गरिएका छन् ।

**सम्बद्ध सेवा**

- हंगकंगको जन-स्वास्थ्य हेरचाह सेवा अन्तर्गत स्वास्थ्य उन्नति, रोगका रोकथाम, प्राथमिक, द्वितीय र तृतीय हेरचाह लगायतका अनेकौं स्वास्थ्य हेरचाह सेवाहरू पर्दछन् । बिरामीहरुलाई मुख्यतय: हंगकंगका सम्पूर्ण अस्पताल व्यवस्थित गर्ने अस्पताल प्राधिकरण अध्यादेश (क्याप. 113) मातहत स्थापित अस्पताल प्राधिकरणद्वारा (एचए) सेवा प्रदान गरिन्छ। एचएले अस्पताल, अस्पताल बाहिरका साधारण क्लिनिकहरू, अस्पताल बाहिरका बिशेषज्ञ भएका क्लिनिक, आउटरिच सेवाहरू मार्फत चिकित्सीय उपचार र पुनर्स्थापना सेवाहरू प्रदान गरिरहेको छ। संगै, स्वास्थ्य विभाग (DH) स्वास्थ्य र बैधानिक नीति लागु गर्नका लागि सरकारको स्वास्थ्य सल्लाहकार तथा एजेन्सी हो । यसले पनि स्वास्थ्य उन्नति, रोगका रोकथाम,निदान र पुनर्स्थापना जस्ता अनेकौं सेवाहरू प्रदान गर्दछ ।

**विद्यमान उपायहरू**

<u>सार्वजनिक अस्पताल/क्लिनिकहरूमा दोभाषे सेवा:</u>

- एचएको व्यवस्थापन अन्तर्गतका सार्वजानिक अस्पताल/क्लिनिकहरूमा मुख्यतया सेवा ठेकेदार, आंशिक अदालत दोभाषेहरू, स्वययम्सेवक एवं कन्सुलेट कार्यालयहरू मार्फत दोभाषे

सेवा उपलब्ध छन् । सेवा ठेकेदारहरूले प्रदान गर्ने दोभाषे सेवामा १८[1] वटा अल्पसंख्यक जातिका भाषाहरू पर्दछन् । (जस्तै उर्दु, हिन्दी, पन्जाबी, नेपालि, बहासा, इन्डोनेसिया, भियतनामी, थाई, कोरियाली, बंगाली, जापानी, तगलग (फिलिपिनी), जर्मन, फ्रेन्च, सिन्हाला, स्पेनिस, अरबिक, मले र पोर्तुगाली)।डीएच का स्वास्थ्य केन्द्र/क्लिनिकहरूमा मुख्यतय: हंगकंगका अल्पसंख्यक निवासहरूको सद्भाव तथा सुधारका लागि क्रिस्चियन सेवा केन्द्र (सीएचइइआर), सेवा ठेकेदार[2] र न्यायपालिकाका आंशिककालिन दोभाषेहरू मार्फत दोभाषे सेवा उपलब्ध छ। सीएचइइआर ले प्रदान गर्ने दोभाषे सेवाहरूमा बहासा, इन्डोनेसिया, हिन्दी, नेपाली, पन्जाबी, तगलग, थाई र उर्दु जस्ता सात भाषाहरू पर्दछन् जहाँ सेवा ठेकेदारले सीएचइइआर ले प्रदान गर्ने सात वटा भाषाका अलावा 11 वटा भाषाहरूमा दोभाषे सेवा प्रदान गर्दछ (जस्तै: अरबिक, बंगाली, फ्रेन्च, जर्मन, जापानी, कोरियाली, मले, पोर्तुगाली, सिन्हाला, स्पेनिस र भियतनामी) । न्यायपालिकाका आंशिककालिन दोभाषेहरूले 50 भन्दा बढी भाषा र क्षेत्रीय भाषाहरूमा दोभाषे सेवा प्रदान गर्दछन् । हरेक कुराको आवस्यकताका आधारमा उक्त सेवा क्षेत्रगत वा टेलिफोनको माध्यमबाट प्रदान गरिन्छ ।

- तालिकाबद्ध सेवाका लागि (जस्तै विशेषज्ञ र एचए का अस्पताल बाहिरका साधारण क्लिनिक तथा डीएच का सेवाहरू कोमा हुने मेडिकल नियुक्ति) बिरामीहरुले सम्बद्ध अस्पताल/क्लिनिक/स्वास्थ्य सेवा केन्द्रमा पहिले नै दोभाषे सेवा उपलब्ध गराई दिन अनुरोध गर्न सक्छन् । तालिकाबद्ध नभएका सेवाका लागि (जस्तै, आपतकालीन अवस्थामा हुने अस्पताल भर्ना), चिकित्सीय कर्मचारीले आवस्यकता अनुसार वा बिरामीको अनुरोधमा दोभाषे सेवाको व्यवस्था गरिदिने छन् । सीएचइइआर र डीएचका सेवा ठेकेदारले टेलिफोन मार्फत पनि दोभाषे सेवा प्रदान गर्न सक्छन्

[1]हाकोसेवाठेकेदारजातीयअल्पसंख्यकोंरसाइनभाषाकोलागि18 भाषाहरुसहित19 भाषामा, माव्याख्यासेवाहरूप्रदानगर्दछ।

[2]DH सेवा१सेप्टेम्बर२०१७देखिसुरुहुनेगरि३१अगष्ट२०१९सम्मअनुवादसेवाप्रदानगर्नकोलागिसेवाप्रदायकमासंलग्नभएकोछ।

।

- सार्वजनी अस्पताल/क्लिनिकहरूमा प्रदान गरिने दोभाषे सेवाको स्तरमा सुधार गर्नका लागि एचएरडीएच दुबैले सेवा ठेकेदारका दोभाषेहरूलाई अस्पताल र स्वास्थ्य क्लिनिक/केन्द्र अपरेसन, चिकित्सीय शब्दावली र संक्रमण नियन्त्रण सम्बन्धि सामान्य ग्यान दिन तालिम दिने व्यवस्था गरेका छन। अल्पसंख्यक जातिका भाषामा दोभाषे सेवाहरु सम्बन्धी पोस्टरहरुको विज्ञापन DH का क्लिनिक/स्वास्थ्य केन्द्रहरुमा पनि टाँस गरिएको छ ।

<u>संचार सहजीकरण गर्ने अन्य उपायहरू:</u>

- सार्वजनिक अस्पताल/क्लिनिकहरूमा अल्पसंख्यक जातिहरूसँग संचार सहजीकरण गर्नका लागि  चिकित्सिय कर्मचारी र बिरामीहरू बीच संचार सुधार गर्न, दर्ता तथा सेवा सहजीकरण गर्न एचए ले विभिन्न जातिका भाषामा क्यु कार्ड, बिरामी विवरण सिट र अनुमति फारम आदि सहित यसका फ्रन्टलाइन कर्मचारीहरू प्रदान गरेको छ । यी कागजातहरूमा साधारण बिमार (जस्तै: टाउको दुख्ने, छाति दुख्ने र ज्वरो आदि), उपचार प्रक्रिया (जस्तै: रगत सार्ने, विकिरण सुरक्षा आदि) र एचए को सेवा (जस्तै: शुल्क, दुर्घटना तथा आपतकालीन बिभागमा हुने बिरामीको श्रेणी) का सूचना समाविस्ट हुन्छन् । एचए ले निरन्तर रूपमा क्यु कार्ड, बिरामी विवरण सिट र अनुमति फारमहरू उर्दु, पन्जाबी, बंगाली, रसियन, अरबी, नेपाली, भियतनामी, इन्डोनेसिया, मलेसियन, थाई, तगलग (फिलिपिनी), जापानी, हिन्दी, कोरियाली, जर्मन, पोर्तुगाली, स्पेनिसर फ्रेन्च जस्ता 18 वटा भाषामा उपलब्ध गराएको  छ । अल्पसंख्यक जातिका भाषाहरूमा क्यू कार्डहरू DH अन्तर्गत क्लिनिकहरूस्वास्थ्य / केन्द्रहरूमा अल्पसंख्यक जातिका सेवाग्राहीहरूको अन्तर्वार्ताको लागि पनि प्रयोग गरिन्छ ।

- एचएले सेवा आवस्यकता अनुसार समूह स्तरमा अल्पसंख्यक जाति र विभेद बिरोधि अध्यादेश सम्बन्धि सेमिनार वा तालिम कोर्षहरू आयोजना गर्दै आइरहेको छ। एचए को ई-लर्निंग केन्द्रले अल्पसंख्यक जातिहरूसँगको संचार, अल्पसंख्यक जातिको संस्कृति र अस्पतालमा दोभाषे सेवाको उचित व्यवस्थापन सम्बन्धि ई-कोर्ष प्रदान गरिरहेको छ । यस्ता तालिमका सहभागीहरूमा अस्पताल र क्लिनिकका सोधपुछ कक्षामा काम गर्ने फ्रन्टलाइन कर्मचारी, नर्स र क्लर्कहरू पर्दछन् । यसका अलावा नयाँ कर्मचारीको अभिमुखीकरणमा अल्पसंख्यक जाति सम्बन्धित सूचना पनि दिइन्छ। बिगत 3 आर्थिक वर्षमा उक्त तालिम र ई-कोर्षमा भाग लिने सहभागीहरुको संख्या 11 074 भन्दा माथि पुगेको छ । DH ले कर्मचारीहरुको चेतना र समस्याको बुझाइलाई टेवा पुर्याउने तरिकाले उनीहरुलाई समान अवसर सम्बन्धी तालिम प्रदान गर्दछ जसमा औषतमा प्रति बर्ष फरक ग्रेडहरुमा 500 भन्दा बढी कर्मचारीहरुको सहभागिता रहन्छ । कार्यस्थलमा समान अवसर र सांस्कृतिक संबेदनशिलता तालिमका तालिम सामग्री र सम्बन्धित सूचना विभागको सन्दर्भ इन्ट्रानेटमा उपलब्ध छन् ।

- DH द्वाराउत्पादन गरिएको स्वास्थ्य शिक्षा संसाधनहरू सार्वजनिक रूपमा चिनियाँ र अंग्रेजी दुवैमा हुन्छन् । DH ले स्वास्थ्य सम्बन्धी विभिन्न प्रमुख जानकारी, जस्तै खोकी, शिष्टाचार, हात धुने उचित चरण, व्यक्तिगत र वातावरणीय स्वच्छता, व्यक्तिगत संक्रामक रोगहरू, स्वस्थ खानपान, शारीरिक गतिविधि, मानसिक स्वास्थ्य, बृद्धहरुको स्वास्थ्य, कोलोरेक्टल क्यान्सर रोकथाम र गर्भाशय क्यान्सरको जाँच , खोप कार्यक्रम , आदि हिन्दी, नेपाली, उर्दू, थाई, बहासा इन्डोनेशिया र फिलिपिनो सहित विभिन्न भाषाहरूमाको अनुवाद पनि गरेको छ । अनुवादित जानकारी पर्चा, इन्फोग्राफिक्स , पोस्टर र बुकलेटहरू सहितका स्वास्थ्य शिक्षा सामाग्रीहरू तयार पार्न प्रयोग गरिएको छ, जुन DH वेबसाइटमा अपलोड गरिएको छ।

| | |
|---|---|
| | • एचएले मध्ये 2015 मा अल्पसंख्यक जातिका लागि उपयोगी वेबसाइट ल्यायो जसले हिन्दी, नेपाली, पन्जाबी (भारतीय), पन्जाबी (पाकिस्तानी) र उर्दु पांच भाषामा आवस्यक सूचना प्रदान गर्दछ । यस वेबसाइटमा एचए सम्बन्धि सूचना, दुर्घटना तथा आपतकालीन सेवा साथै ठेगाना, टेलिफोन नम्बर, अस्पताल बाहिर उपचार गर्ने साधारण क्लिनिकका परामर्श समय आदि समबिस्ट छन् । एचए ले प्रदान गर्ने सूचना अझ धेरै जातीय समुहले बुझ्न सकुन भनि थाई, बहासा इन्डोनेसिया र तागालग तिन भाषामा सामग्री उपलब्ध गरि फेब्रुअरी 2017 यस वेबसाइट संसोधन गरियो । |
| भावी कार्यको मूल्याङ्कनर विद्यमान उपायहरू | • अप्रिल 2017 देखि मार्च 2018 को अवधिमा एचएको व्यवस्थापन अन्तर्गतका सार्वजनिक अस्पताल/क्लिनिकहरूमा अल्पसंख्यक जातिहरूलाई झन्डै 15 257 दोभाषे सेवा प्रदान गरीएका घटनाहरू थिए । प्रयोगकर्ताहरूको पृष्ठपोषणले सेवा सन्तोषजनक रहेको बताउँछ । एचएले दोभाषे सेवा सम्बन्धि प्रयोग र प्रयोगकर्ताहरूको पृष्ठपोषणलाई निरन्तर मुल्यांकन गर्नेछ ।<br>• डीएच का स्वास्थ्य केन्द्र/क्लिनिकहरूमा अप्रिल 2012 देखि सीएचइइआरर आंशिककालिन दोभाषेहरूले क्रमश:4 230, 280 र 208 घटनाहरूमा दोभाषे सेवा प्रदान गरेका थिए ।(मार्च 2019 कोरूपमा) । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • अल्पसंख्यक जातिका आवस्यकताहरू पुरा गर्न एचएअस्पतालहरूमा हलाल खाद्यान्न जस्ता बिशेष आहार उपलब्ध छन् ।<br>• एचए को स्मार्ट प्यासेन्ट वेबसाइट (एसपीडब्ल्यु) रोग व्यवस्थापन र क्रोनिक रोग भएका रोगि र तिनका स्याहारकर्ताहरूलाई सशक्त तुल्याउन चाहिने सामुदायिक श्रोत भएका सूचनायुक्त विद्युतीय प्लेटफर्म हो । हंगकंगका अल्पसंख्यक जातिहरूको आवस्यकता पुरा गर्न एचए ले 2016 मा एसपीडब्ल्यु रोग सूचना वेबपेज निर्माण गरेको |

छ जसले क्यान्सर, क्रोनिक रोग र अन्य रोगहरूका जानकारी थाई, बहसा, इन्डोनेसिया, तगलग, नेपालि, पन्जाबी (भारतीय), पन्जाबी (पाकिस्तानी), हिन्दी र उर्दु जस्ता आठ भाषाहरूमा प्रदान गर्दछ । रोग जानकारीका उदाहरणहरूमा कोरोनरी मुटु रोग, क्रोनिक मृगौला रोग, मधुमेह, डिमेंसिया, स्ट्रोक, विभिन्न क्यान्सर, मस्तिष्क रोग आदि पर्दछन । अल्पसंख्यक जातिको रोग व्यवस्थापन र स्वयम्-स्याहार क्षमता अभिवृद्धि गर्न एचए ले स्मार्ट प्यासेन्ट वेबसाइटलाई निरन्तर सुधार गरिरहने छ ।

- अल्पसंख्यक जातिका जन-स्वास्थ्य सेवाको पहुँच सहजीकरण गर्न एचएर डीएच निरन्तर प्रयासरत हुनेछन् र अल्पसंख्यक जातिका आवस्यकता अनुसार सहायता उपायहरू सुधार गर्नेछन् ।

**जिज्ञासा/ प्रतिक्रियाहरू**

जातीय समानताका मुद्दा सम्बन्धि सर्वसाधरण सदस्यहरूका कुनै जिज्ञासा/प्रतिक्रियाहरू भए उनीहरूले तलको ठेगानामा सम्पर्क गर्न सक्नेछन्-

*एचए सम्बन्धि बिषयका लागि*
साधारण सोधपुछ
अस्पताल प्राधिकरण
टेलिफोन: 2300 6555
ईमेल: enquiry@ha.org.hk

*डीएच सम्बन्धि बिषयका लागि*
सेवाग्राही सम्पर्क युनिट
स्वास्थ्य विभाग
टेलिफोन: 2836 0077
ईमेल: cru@dh.gov.hk

**खाध्यतथास्वास्थ्यब्युरो**
**स्वास्थ्यबिभाग**
**अस्पतालप्राधिकरण**
**जुलाई 2019**